# आदर्श बहुमुखी क्याम्पस

## गजुरी १, धादिङ

**शैक्षिक योजना तथा व्यवस्थापन (Ed.PM) र नेपाली शिक्षा विषयमा**

**स्नातकोत्तर तह प्रथम सेमेष्टर, २०७६ का लागि भर्ना खुल्यो !**

## स्नातकोत्तर तह किन अध्ययन गर्ने ?

१) कुनै पनि विषयमा उच्चस्तरको ज्ञान हासिल गर्न ।
२) अनुसन्धानमा आधारित भएकाले ।
३) विश्लेषण र समालोचनात्मक लेखाजोखा गर्ने सिप हासिल गरी हर निर्णय प्रक्रियामा प्रयोग गर्न ।
४) जटिल सामाजिक र शैक्षिक समस्या समाधान गर्ने सिप र क्षमता विकास गर्न ।
५) गहन तरिकाले र स्वतन्त्ररुपमा चिन्तन र कार्य गर्ने क्षमता विकास गर्न ।
६) उच्च तहको व्यावसायिक क्षमता हासिल गरी सामाजिक जिम्मेवारी लिन र निर्वाह गर्न ।
७) विशेष सिप र दक्षता हासिल गरी सफल व्यावसायिक जीवन बिताउन ।

**गुणस्तरीय उच्च शिक्षाका लागि सम्वाद, समन्वय र सहकार्यका लागि**

**आदर्श बहुमुखी क्याम्पस नै रोजौं !**

| | |
|---|---|
| प्रवेश परीक्षा फाराम भर्ने अवधि | : २०७६ माघ २ गतेसम्म कार्यालय समय |
| विलम्ब शुल्क तिरी फाराम भर्ने अवधि | : २०७६ माघ ९ गतेसम्म कार्यालय समय |
| प्रवेश परीक्षा मिति | : २०७६ माघ १८ गते शनिबार १२.३० बजे, क्याम्पस भवन |
| विद्यार्थीहःरुले भर्ना भइसक्नुपर्ने अवधि | : माघ मसान्त |
| कक्षा सञ्चालन | : फागुन पहिलो सातादेखि |

**यही २०७६ माघ २ गते सम्म त्रिभुवन विश्वविद्यालय अन्तर्गत आदर्श बहुमुखी क्याम्पस, गजुरीमा स्नातकोत्तर तह Ed. PM र नेपाली शिक्षा विषयको लागि प्रवेश परीक्षा फाराम खुलेको छ । सो फाराम यस क्याम्पसको कार्यालयबाट लिन वा शिक्षाशास्त्र संकायको बेवसाइट** *tufoe.edu.np बाट पनि Download गर्न सकिनेछ । फाराम भर्न एल.एल.सी/एस.इ.इ तहदेखि स्नातक तहसम्मका सबै शैक्षीक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, दुई प्रति पासपोर्ट साइजको फोटो, फाराम शुल्क २०० र आवेदन शुल्क रु २००० गरि जम्मा रु.२२०० राष्ट्रिय* वाणिज्य बैक, गजुरी शाखामा रहेको यस क्याम्पसको चल्ति हिसाव नं १०५००७६००१ मा बुझाएको भौचरको सक्कल प्रति सहित आवेदन फाराम साथै राखि पठाउन सकिने छ । वा उक्त कागजातहरु क्याम्पसमा नै आएर पनि बुझाउन सकिने छ ।

**माघ २ गते पछि प्राप्त हुनआएको फारामको विलम्ब शुल्क रु.४४०० बुझाउनु पर्नेछ ।**

**समयमै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।**

विस्तृत जानकारीका लागि ०१०४०२३३२, ९८५१०५३५२८, ९८४११४२७९४, ९८५११५३६०६ मा अहिल्यै सम्पर्क गर्नुहोस् ।

## नेपाली शिक्षा किन पढ्ने ?

१) नेपाली भाषा तथा अन्य मातृभाषा शिक्षण सम्बन्धी ज्ञानलाई योजनाबद्ध र प्रभावकारी शिक्षण गर्न सक्ने जनशक्तिका रुपमा विकास हुन ।
२) बहुभाषिक शिक्षणलाई कक्षाको वातावरण अनुकूल विकास गर्न ।
३) भाषा र साहित्यका माध्यमबाट समालोचनात्मक क्षमताको विकास गर्न ।
४) भाषिक सम्पादन कलाको उपयोगद्वारा दैनिक व्यावहारिक उपयोगी सूचना शुद्ध, स्पष्ट र सटिक रुपमा सम्प्रेषण गर्ने क्षमता विकास गर्न ।
५) मातृभाषामा शिक्षणका लागि उपयुक्त पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि आदि व्यावहारिकरुपमा कार्यान्वयन गर्न ।
६) भाषा विज्ञान, मनोभाषाविज्ञान र प्रायोगिक भाषाविज्ञानका साथै शब्दकोश निर्माण गर्ने ज्ञान र सिप विकास गर्न ।
७) उपचारात्मक र परिवेशानुकूल शिक्षण गर्ने व्यावहारिक क्षमता विकास गर्न ।

## किन शैक्षिक योजना तथा व्यवस्थापन (Ed.PM) विषयमा स्नातकोत्तर तह (M.Ed.) पढ्ने ?

१) जीवन, जगत् र शिक्षालाई नियाल्ने राम्रो दृष्टिकोण बनाउन ।
२) संसारमा विकसित विकासका नवीनतम प्रवृत्ति जानेर SMART शैक्षिक योजना बनाई प्रभावकारी कार्यान्वयन गर्न ।
३) समकालीन शिक्षालाई व्यवस्थित र एकीकृत ढंगले बुझ्न र तदनुसार व्यवस्थापन गर्न ।
४) सफल, इमान्दार र दूरदर्शी शैक्षिक नेतृत्वका रुपमा भूमिका निर्वाह गर्न ।
५) अरु सरोकारवालाहरुको मनोवृत्ति बुझी आफूलाई परिवार, समुदाय, विद्यालय र देशको असल नागरिकका रुपमा विकास गर्न ।
६) शैक्षिक संशाधनहरुको विवेकसम्मत र दिगो व्यवस्थापन गरी उच्च शैक्षिक लक्ष्य हासिल गर्न ।
७) औपचारिक, अनौपचारिक, अनियमित र आकस्मिक प्रकारहरुको जानकारी हासिल गरी उपयुक्त र एकीकृत भावी योजना बनाई समाजका हरेक तहको शैक्षिक आवश्यकता पूरा गर्न ।
८) व्यवस्थित शैक्षिक सूचनाप्रणालीको स्थापना र निर्णय प्रक्रियामा सर्वोपरि उपयोग गर्न ।
९) शिक्षामा आर्थिक लगानीको सैद्धान्तिक ज्ञान र व्यावहारिक सिप हासिल गर्न ।
१०) शिक्षामा विविधतालाई सम्मान गर्न र उत्सवका रुपमा लिन ।
११) उपयुक्त र प्रभावकारी रुपले विद्यालय व्यवस्थापन गर्न ।
१२) शिक्षामा न्याय सुनिश्चित गर्न ।
१३) शैक्षिक गतिविधिको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न ।
१४) शैक्षिक विषयहरुमा अनुसन्धान गरी ज्ञान विस्तार र प्रगतिशील सामाजिक रुपान्तरणलाई सहजीकरण गर्न ।
१५) शिक्षण विधिको सैद्धान्तिक ज्ञान र व्यावहारिक सिप हासिल गर्न ।
१६) लोकसेवा तथा शिक्षासेवाको परीक्षाको उपयुक्त तयारीका लागि ।